# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## (भू तथा जलाधार व्यवस्थापनसँग सम्वन्धित)

आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
निर्णयबाट मिति २०७५।९।२० मा स्वीकृत)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७५

बद्रीराज ढुंगाना
प्रदेश सचिव

विषय सूची


१. पृष्ठभूमि ..... १

२. दूरदृष्टि (Vision) ..... २

३. लक्ष्य (Goal) ..... २

४. उद्देश्य (Objective) ..... २

५. रणनीति ..... २

६. कार्यनीति ..... २

७. कार्य संचालन प्रकृया ..... ३

८. सम्पर्क कार्यालय ..... ५

९. आ. व. २०७५/०७६ को जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम ..... ५

१०. कार्यक्रम कार्यान्वयन विधि ..... ६

१०.१ जलाधार/ उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमाको कार्यविधी ..... ६

१०.२. योजना तर्जुमा, क्षमता विकास तथा समन्वय गोष्ठीको कार्यविधी ..... ७

१०.३. जोखीम क्षेत्र पहिचान, प्राथमिकीकरणर नक्साङ्कन (Hot spot / Hazard zoning / Prioritization/ Mapping) कार्यविधी ..... ८

१०.४ जलाधार/ उपजलाधार/ नदी प्रणालीगत रुपमा स्थानीय तहहरुको नक्साङ्कन तथा अध्ययन अनुसन्धान कार्यविधी ..... ८

१०.५. एकिकृत भू-स्खलन नियन्त्रण ..... ९

१०.६. सडकसँग भू-संरक्षण ..... १०

१०.७. शहरी क्षेत्रमा जल उपयोगको लागि जलाधार व्यवस्थापन ..... ११

१०.८. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन ..... १२

१०.९. सिमसार क्षेत्र पहिचान तथा ब्यवस्थापन ..... १२

१०.१०. जलबिद्युत जलाशयको जलाधार संरक्षण ..... १३

१०.११. पर्यापर्यटनका लागि जलाधार व्यवस्थापन ..... १४

१०.१२. जलवायु अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village) ..... १५

१०.१३. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण ..... १५

१०.१४. आकस्मिक भू-संरक्षण कार्यक्रम ..... १६

१०.१५. विरुवा उत्पादन/ खरिद तथा वितरण ..... १७

१०.१६. भूमि उत्पादकत्व संरक्षण ..... १७

१०.१७. चुरे तथा नदी प्रणाली संरक्षण ..... १८

१०.१८. सुख्खाग्रस्त क्षेत्र ब्यवस्थापन तथा पानी श्रोत संरक्षण ..... १८

११. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख ..... २०

१२. अनुगमन तथा मूल्यांकन ..... २०

१३. बार्षिक प्रगति प्रतिवेदन (Progress Report) ..... २०

## १. पृष्ठभूमि

उच्च हिमाल, महाभारत तथा चुरे श्रृंखला र समथर तराई जस्ता भौगोलिक विविधता भएको यस प्रदेशमा ५०० भन्दा वढी नदीनालाहरु छन् । बढी मात्रामा भिरालो जमीन र तिव्र मनसुनी वर्षा तथा छोटो दुरीमै तिव्र धरातलीय उचाइ हुदै बग्ने नदी नालाहरुका कारण भूमीको क्षय यस प्रदेशमा देशको अन्य भागको तुलनामा वढी रहेको अनुमान छ ।

देशका अन्य क्षेत्रको जस्तै जैविक विविधता, पुरातात्विक महत्व, भूमिगत जलसंचयको आधार लगायत विभिन्न दृष्टिकोणले यस प्रदेशमा पनि चुरे क्षेत्रले विशेष महत्व राख्दछ । अत्यन्त कमलो भौगर्भिक वनावट र तुलनात्मक रुपमा वढी वर्षा जस्ता प्राकृतिक प्रकोपहरु-कारणहरु तथा प्राकृतिक स्रोतहरुको अत्याधिक दोहन लगायतका मानवीय कारणहरुले गर्दा यस क्षेत्रमा जमीनको बढी क्षति हुन गएकोछ ।

चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भू-क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठूलो जोखिम निम्त्याइरहेको छ । प्रदेशका अन्य भौगोलिक क्षेत्रहरुमा पनि कुनै न कुनै रुपमा यी समस्याहरु विद्यमान छन्  जसले गर्दा हाम्रा प्राकृतिक श्रोतहरुमा क्रमिक रुपमा क्षति पुगिराखेको छ ।

प्राकृतिक स्रोतहरुको वैज्ञानिक व्यवस्थापन कुनैपनि मुलुकको समृद्धिको प्रमुख आधार हो । यही यथार्थलाई मनन गरी यस प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम (बुंदा नं. ३६) मा प्रदेशभित्र रहेका सबै जलस्रोत सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी जलस्रोतको उपयोग गर्ने नीति अवलम्वन गर्ने व्यहोरा उल्लेख छ । त्यसै गरी प्रदेश सरकारको बजेट तथा कार्यक्रममा एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी प्रदेशका ठूला र अन्य महत्वपूर्ण नदी, ताल तथा सिमसार र जलाधार क्षेत्रको विशेष संरक्षण गर्न जोड दिईएको छ । जलवायु परिवर्तनबाट पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि भूमिगत जलभण्डार, वर्षाको पानी संकलन, पुनर्भरण एवं जलाधार तथा स्रोत संरक्षण कार्यक्रम संचालन गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अघि बढाउने जस्ता कार्यक्रमहरु बजेट कार्यक्रमले अगाडी सारेकोछ । तदनुरुप यस प्रदेश सरकारबाट जलाधार ब्यावस्थापन कार्यको लागि प्रदेशस्तरमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तरगतका जलाधार व्यवस्थापन कार्यालयहरुबाट सम्पादन गरिनुपर्ने कार्यका लागि एकमुष्ट रु २१ करोड बजेट व्यवस्था भएको छ ।

संघीय स्तरमा बृहत जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत सेवा सञ्चालनमा आएको र स्थानीय तहमा पनि जलाधार व्यवस्थापन कार्यको लागि बजेट विनियोजन भएको अवस्थामा संघ र स्थानीय दुवै तहका निकायहरुसंग सम्बन्ध र समन्वय राख्दै प्रादेशिक तहका जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले प्रदेशको भू-व्यवस्थापन योजना तर्जुमा, महत्वूपर्ण र संवेदनशील जलाधार क्षेत्रको व्यवस्थापन, पूर्वाधारहरुसंग भू-संरक्षण, जलवायु अनुकूलित नमुना गाउँ लगायत जलाधार व्यवस्थापन सम्बन्धमा स्थानीय तहलाई आवश्यक नीतिगत र प्राविधिक सहयोग र परामर्श सेवा प्रदान जस्ता कार्यहरु सम्पादन गर्नुपर्ने देखिन्छ । अतः चालु आ.व.मा विनियोजित वजेट बाट एकिकृत जलाधार व्यवस्थापनको प्रभावकारी सेवा प्रवाह गर्न उपयुक्त कार्यक्रम छनौट गरी सहज र सरल रुपमा कार्यन्वयनमा ल्याउन यो जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम कार्यान्वयन मार्गदशर्शन, २०७५ तयार गएिकोछ ।



भद्रीराज दुंगाना
प्रदेश सचिव

## २. दूरदृष्टि (Vision)

नदी प्रणालीमा आधारित जलाधारीय स्रोतहरुको एकीकृत र दिगो व्यवस्थापनबाट जलवायु समानुकूलित समृद्ध समाज निर्माणमा टेवा पुर्‍याउने।

## ३. लक्ष्य (Goal)

एकीकृत व्यवस्थापनद्वारा जलाधारीय स्रोतहरुको अन्तरसम्बन्धलाई सन्तुलनमा राख्दै प्राकृतिक प्रकोप न्यूनीकरण, जलवायु परिवर्तन समानुकुलन र भूमि उत्पादकत्वमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन मदत पुर्‍याउने ।

## ४. उद्देश्य (Objective)

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन् :

- भू-वातावरणीय दृष्टिले संवेदनशील, महत्वपूर्ण र प्राथमिकता प्राप्त जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन गरि जन, धन र पूर्वधारको क्षति न्यूनिकरण गर्ने ।
- जल तथा भूमिको संरक्षणबाट जलको उपलब्धता, भूमिको उत्पादकत्वमा परिमाणात्मक र गुणात्मक वृद्धिगरी जनताको सामाजिक आर्थिक समृद्धिमा योगदान पुर्‍याउने ।
- अध्ययन, अनुसन्धानद्वारा जलवायु परिवर्तनका कारणले परेका र पर्नसक्ने असर आंकलन गरी उपयुक्त प्रविधिको विकास र विस्तार गर्ने ।
- सुशासन, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्दै सहज, सरल र पारदर्शी रुपमा जलाधार व्यवस्थापनको सेवा प्रवाह गर्ने ।

## ५. रणनीति

कार्यक्रमका रणनीतिहरु देहायबमोजिम रहनेछन्:

- नदी प्रणाली तथा जलाधार क्षेत्रलाई व्यवस्थापनको इकाई वनाउने ।
- एकीकृत उपागम अपनाई योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- सहभागितात्मक, सहकार्य र समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्ने ।
- जलाधार व्यवस्थापनमा जनकेन्द्रीत (सेवा, उत्पादन, वातावरणमैत्री, रीतिरिवाज) अवधारणा अवलम्वन गर्ने ।
- जलाधारीय सुशासन (जस्तोः भू-क्षमताका आधारमा उपयोग, पहिरो क्षेत्र, पानीको मूल क्षेत्र संरक्षण) प्रवर्धन गर्ने ।
- उपल्लो तटीय र तल्लो तटीय क्षेत्र विचको अन्तरसम्वन्धलाई सम्बोधन गर्ने ।

## ६. कार्यनीति

कार्यक्रमको मुख्य उद्देश्य हासिल गर्नको लागि निम्नलिखित कार्यनीति रहेका छन्:

- विभिन्न स्तरका जलाधार (बृहत जलाधार, जलाधार, उपजलाधार, सुक्ष्म जलाधार) उपागम अनुरुप जलाधारहरुको पहिचान, वर्गिकरण र प्राथमिकीकरण गर्ने ।
- वर्गिकरणको आधारमा विभिन्न (संघीय, प्रादेशिक, स्थानीय) तहका जलाधार व्यवस्थापन योजनाहरु बनाई कार्यान्वयन गर्ने ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

- एक जलाधार वहुउपायः एकीकृत सहभागितामूलक जलाधार व्यवस्थापन प्रकृया अवलम्वन गर्ने ।
- संरक्षण कार्यलाई उत्पादनशील, आयमुलक एवं बजारमुखी ढाँचामा सञ्चालन गर्ने ।
- हरित क्षेत्रसँग सम्वन्धित निकाय (वन, कृषि, पशुपालन र जलश्रोत) सँग समन्वय र साझेदारी कायम गर्दै एकिकृत सेवा प्रदान गर्ने ।
- चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई विशेष प्राथामिकता दिने ।
- जलाधार व्यवस्थापनका विविध पक्षहरु बारे प्रचार प्रसार र समन्वय गर्ने ।
- जलवायु परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकुलन-समानुकुलन एवं विपद व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने ।
- **Too much water, too little water management** को अवधारणा अनुसार त्यस **too little water** (विषेशगरि हिउँदको मौसममा) भएको समयको लागि सञ्चय, नविकरण र सतत् उपयोगमा सघाउ पुऱ्याउने कार्यक्रमा विषेश जोड दिने ।
- संरक्षणका सम्पूर्ण कार्य र प्रयासहरु उपल्लो भेगको संरक्षण तल्लो भेगको फाइदा भन्ने वैज्ञानिक मान्यताका साथ जिल्लाको उपल्लो जलाधार क्षेत्र र तल्लो जलाधार क्षेत्रमा कार्यक्रमहरु एकीकृत रूपमा संचालन गर्ने ।
- वातावरणीय सेवाको भुक्तानीको लागि उपयुक्त प्रणालीको विकास गरी कार्यान्वयन गर्ने।

## ७. कार्य संचालन प्रकृया

### (१) कार्यान्वयन स्थान र योजना छनौट, उपभोक्ता समूह गठन

- साविक जिल्ला भू-संरक्षण कार्यालयहरुमा रहेको दस्तावेजहरु (जलाधार, उपजलाधार योजनाहरु, प्राथमिकिकरण योजनाहरु) स्थानीय समुदाय तथा गाउँपालिका, नगरपालिका, उप/महानगरपालिका, जिल्ला समन्वय समितिबाट सिफारिस भएका निवेदन, गुगल अर्थ प्रो जस्ता प्रविधिहरुमा रहेका हाल सालैका भू-दृश्यात्मक सुविधाहरुको उपयोग गरेर प्राथमिकता प्राप्त उपजलाधारहरु पहिचान गरिने छ।
- स्थानीय समुदाय तथा संभव भए सम्म सम्बन्धित स्थानीय तहका वडाका जनप्रतिनिधी समेतको सहभागितामा जलाधार क्षेत्रमा देखिएका जलाधार क्षयीकरणका समस्याहरुको विषयमा छलफल तथा प्रस्तावित कार्यक्रमको पहिचान तथा कार्यक्रमबारे छलफल र अभिमुखीकरण गर्ने ।
- स्वीकृत वार्षिक योजना सम्वन्धमा स्थानीय पालिका, उपभोक्ता समूह र सर्वसाधारणहरुलाई जानकारी दिई योजनामा समेटिएका आयोजनाहरु र कार्यक्रम भित्रबाट वार्षिक रुपमा कार्यक्रम संचालनको निम्ति माग निवेदन आव्हान गर्ने ।
- जिल्लाका अन्य उपजलाधार क्षेत्र भित्रका स्थानीय जनसमुदायबाट माग भएका कार्यक्रमहरुको निवेदनहरुलाई पनि संकलन गरी प्राथमिकिकरण गर्ने ।
- उपरोक्त वमोजिमको माग भै आएका र प्राथमिकता प्राप्त उपजलाधार व्यवस्थापन कार्य योजनाले समेटेका कार्यक्रमहरु वार्षिक स्वीकृत कार्यक्रम र वजेटसँग तालमेल हुनेगरी प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रभित्र कम्तिमा ६०% र सो वाहिर ४०% सम्म बजेट तथा कार्यक्रम संचालन गर्ने गरी प्राप्त निवेदनको कारवाही र कार्यक्रम संचालन गर्ने ।
- सञ्चालन गर्नु पर्ने कार्यक्रम कृयाकलापको लागि स्थानीय पालिकाबाट सिफारिस र निवेदन प्राप्त गरी कम्तिमा ५ देखि ७ सदस्यीय उपभोक्ता समूह गठन गर्ने । कार्यक्रमको उद्देश्यसंग मिल्दो र

कार्यान्वयन गर्न सक्षम समुदायस्तरमा साविकमै गठित समूह भएमा सोही समूहवाट कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिने । उपभोक्ता समूह स्थानीय तहको प्रतिनिधिको रोहवरमा गठन गर्ने ।

- सहभागितात्मक ढंगबाट छलफल गरी समस्या समाधानका लागि सञ्चालन गर्नु पर्ने कार्यक्रम तथा कृयाकलापहरुको निर्धारण गरी विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीहरु यकिन गरी विभिन्न निकायहरुका बीच समन्वय गर्ने वातावरण तयार गर्ने ।

(२) लागत अनुमान तयारी, सम्झौता, कार्यान्वयन तथा अनुगमन

- यस कार्यविधिमा उल्लेख भएकोमा यसै कार्यविधि अनुसार तथा उल्लेख नभएमा साविक भू तथा जलाधार संरक्षण विभागले प्रयोग गरेको कार्यविधि र संघीय वन तथा वातावरण मन्त्रालयको नर्मसका आधारमा कार्यालयबाट कार्यक्रमको लागत अनुमान तयार गरिनेछ ।
- सार्वजनिक खरीद ऐन-२०६३, सार्वजनिक खरीद नियमावली-२०६४, प्रदेश आर्थिक कार्यविधि ऐन-२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली-२०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका-२०७५ तथा बजेट कार्यान्वयन मार्गदर्शन २०७५/७६ को अधिनमा रही लागत अनुमार तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- लागतका बारेमा स्थानीय समुदाय र स्थानीय तह वा अन्य निकायहरुसंगको लागत सहभागितामा काम गर्ने भए सो का बारेमा समेत लागत अनुमानमा नै उल्लेख गर्नुपर्नेछ । उपभोक्ता समूहको तर्फबाट जुटाउनु पर्ने न्यूनतम १० प्रतिशत वा सो भन्दा बढीको जनसहभागिता सम्बन्धी कामको विवरण समेत लागत अनुमानमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
- कार्यालय तथा स्थानीय उपभोक्ताको सहभागितामा सर्भे डिजाइन तथा लागत अनुमान तयार गरी कार्यालय तथा उपभोक्ता समिति र सेवा प्रदायक बीच लागत स्रोत बाँडफाँड, तोकिएको मितिमा कार्य प्रारम्भ तथा सम्पन्न गर्ने तथा उपभोक्ता समितिलाई सम्पन्न कार्यक्रम हस्तान्तरण गर्नु पर्ने व्यवस्था सहित सम्झौता गरिनेछ ।
- स्थानीय समुदायलाई स्थानीय सामाग्री संकलन तथा उपयोग गर्न प्रोत्साहित गरी कार्यक्रमहरु जनसहभागिता परिचालन गरी कार्यान्वयन गर्नुपर्नेछ । बीच बीचमा प्राविधिक सहजिकरण र अनुगमन गरिनेछ । अनुगमन तथा मूल्यांकनका कार्यमा संभव भए सम्म स्थानीय तहका प्रतिनिधिहरुलाई पनि सहभागी गराईनेछ ।
- कार्यक्रमको प्रत्येक चरणमा (साईट छनौट, सर्भे, ल.ई., सम्झौता, कार्यशुरु, कार्यक्रमको अनुगमन तथा मूल्यांकन, लाभांसको बाडफाँड आदि) लाभग्राही उपभोक्ताहरुलाई समावेश गराई पारदर्शीरुपमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- विरुवा उत्पादन, समन्वयात्मक गोष्ठी, संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख, अनुगमन तथा मूल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन (Activity Proflie) कार्यक्रम प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही कार्यालयको जनशक्ति मार्फत अमानतमा सञ्चालन गर्न सकिनेछ । यी वाहेक अन्य कृयाकलापहरु सकेसम्म उपभोक्ता समिति मार्फत र विशेष अवस्थामा प्रचलित कानूनका अधिनमा रही अमानत वा सेवा प्रदायक मार्फत संचालन गर्न सकिनेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

(३) खरीद र भुक्तानी प्रकृया तथा गुणस्तर नियन्त्रण

- कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका-२०७५ तथा बजेट कार्यान्वयन मार्गदर्शन, २०७५/७६ को अधिनमा रही गर्नुपर्नेछ ।
- कार्यक्रमको आवश्यकता अनुसार ग्याविन तारजालीको काम गर्नुपर्दा स्वीकृत नर्मसमा तोकिएको स्पेशिफिकेसन अनुसारको तारको गेज साइज भएको नेपाल गुणास्तर चिन्ह प्राप्त Heavy Coated G.I. तारको प्रयोग गर्नुपर्नेछ । संभव भएसम्म Heavy Coated G.I. तारबाट तयार गरिएको स्टयाण्डर्ड मेसिनमेड तयारी तारजालीको प्रयोग गर्नुपर्नेछ ।
- निर्माण कार्य स्थलमा सो कार्यक्रमसंग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, ठेगाना, लागत रकम, उपभोक्ता समितिको नाम ठेगाना, लाभान्वित घरधुरी, कार्यक्रमबाट हुने मुख्य-मुख्य उपलब्धीहरु) सर्वसाधारणले देख्ने गरी होर्डिङ बोर्ड राखी सार्वजनिक गर्नुपर्नेछ ।
- कार्यक्रमको भूक्तानी गर्नु भन्दा पहिले सो कार्यक्रममा भएको खर्चको सार्वजनिक लेखापरीक्षण गरिसकेको प्रतिवेदन प्राप्त भएपछि मात्र भूक्तानी गर्नु पर्नेछ ।
- मासिक खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ। सम्भव भए सम्म कार्यालयको Website मार्फत समेत सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्नेछ ।
- लागत, लाभांश, सहभागिता लगायतका विषयमा सार्वजनिक सुनुवाई गर्ने, कार्यक्रमको भूक्तानी पछि उपभोक्ता समूह सदस्यहरु बीच समन्यायीक बांडफांड, मर्मत सम्भार र दिगो सेवा उपयोग लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ ।

(४) प्रगति प्रतिवेदन

कार्यक्रम सम्बन्धी क्षेत्रगत उपलब्धि सूचक सहितको मासिक, चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी कार्यान्वयनमा आईपरेका समस्या, कारणहरु उल्लेख गरी तोकिएको अवधि भित्र नै सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## ८. सम्पर्क कार्यालय

विगतमा एक जिल्लामा रहेको कार्यालयले सोही जिल्लामा मात्र कार्यक्रम कार्यान्वयन गरिआएको तर हाल एउटै कार्यालयले एक भन्दा वढी जिल्लामा सेवा प्रवाह गर्नुपर्ने भएकाले सेवा व्यवस्थापन तथा सहजताको लागि कार्यक्षेत्रको प्रत्येक जिल्लामा सम्पर्क कार्यालय वा व्यक्ति तोकी सेवाग्राही, उपभोक्ता, स्थानीय तह र समुदायसंग समन्वय गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ९. आ. व. २०७५/०७६ को जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम

यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७५/०७६ को जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु संचालन हुनेछन् ।

- जलाधार-उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा ।
- योजना तर्जुमा, क्षमता विकास तथा समन्वय गोष्ठी ।
- जोखिम क्षेत्र पहिचान, प्राथमिकिकरण र नक्साङ्कन (Hot spot/ Hazard zoning /Prioritization/Mapping)

- जलाधार, उपजलाधार, नदी प्रणालीगत रुपमा स्थानीय तहहरुको नक्साङ्कन तथा अध्ययन अनुसन्धान ।
- एकीकृत भू-स्खलन नियन्त्रण ।
- सडकसंग भू-संरक्षण ।
- शहरी क्षेत्रमा जल उपयोगको लागि जलाधार व्यवस्थापन ।
- खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन ।
- सिमसार क्षेत्र पहिचान तथा व्यवस्थापन ।
- जलबिद्युत जलाशयको जलाधार संरक्षण ।
- पर्यापर्यटनका लागि जलाधार व्यवस्थापन ।
- जलवायु अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village)
- बायो-इन्जिनियरिङ्ग खोला किनारा संरक्षण कार्यक्रम ।
- आकस्मिक भू-संरक्षण कार्यक्रम ।
- विरुवा उत्पादन, खरिद तथा वितरण ।
- भूमि उत्पादकत्व संरक्षण ।
- चुरे तथा नदी प्रणाली संरक्षण ।
- सुख्खाग्रस्त क्षेत्र व्यवस्थापन तथा पानी स्रोत संरक्षण ।
- संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख ।
- अनुगमन तथा मूल्यांकन ।
- बार्षिक प्रगति प्रतिवेदन (Activity Profile)।

## १०. कार्यक्रम कार्यान्वयन विधि

### १०.१ जलाधार/ उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमाको कार्यविधी

- जलाधार-उपजलाधार प्राथमिकीकरण गर्दा बृहत् जलाधार ब्यावस्थापन केन्द्र र सम्बन्धित जिल्ला समन्वय समिति संग समन्वय गरी भू-उपयोग (Land Use), भू-प्रणाली (Land System), भूगर्भ (Geology), भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक एवं आर्थिक पक्षहरुको मानकको आधारमा जलाधार तथा उपजलाधार प्राथमिकिकरण गर्ने ।
- संवेदनशील जलाधार ब्यावस्थापन (भू-क्षय, पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल क्षेत्रको उपचार (Hot spot ) तथा महत्वपूर्ण जलाधार क्षेत्र (जस्तो शहरी जलाधार, जलविद्युत जलाधार, पर्यावरणीय महत्वका जलाधार, सिमसार क्षेत्रको जलाधार व्यवस्थापन) लाई जलाधार तथा उपजलाधार क्षेत्र प्राथमिकीकरणमा आधार लिने ।
- साविक भू तथा जलाधार संरक्षण विभागद्धारा प्रकाशित Sub-watershed Priotization Guidelines तथा Watershed Characterizations Atrtributes हरुको उपयोग गर्न सकिने छ ।
- प्राथमिकतामा परेको जलाधार उपजलाधारहरुको स्थानीय समुदाय तथा जनप्रतिनिधिहरुको सहभागितामा सामाजिक, आर्थिक तथा प्राकृतिक स्रोतहरुको स्थिति पत्ता लगाई जलाधार संरक्षण तथा व्यवस्थापन सम्बन्धि आवश्यकता पहिचान गरी जलप्रवाह प्रणाली, भू-उपयोग, भू-प्रणाली, भूगर्भ, भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा जलाधार व्यवस्थापन योजना तयार गर्ने ।



भद्रीराज दुंगाना
प्रदेश सचिव

- यसरी जलाधार व्यवस्थापन योजना तयारी गर्दा भू-क्षमता र भू-उपयोगका साथै भू-क्षय, पहिरोग्रस्त क्षेत्र, जोखिम क्षेत्र, संवेदनशिल तथा जोखिमयुक्त (Hazard prone), क्षेत्रको पहिचान तथा जल भण्डारण तथा पुनर्भरण, सुख्खाग्रस्त क्षेत्रमा पानी श्रोत संरक्षण (पानी श्रोत, पोखरी, पानी सोसाउने कुलो, कन्टुर ट्रेन्च, रनअफ हारभेष्टीङ्ग डयाम) जस्ता कार्यक्रम तथा कृयाकलापहरुको योजना तयार गरिनेछ ।
- साथै जलाधार उपजलाधार योजनामा ग्रामीण सडकसंग भू संरक्षण, सिचाइ कुलो जस्ता वातावरण मैत्री विकास, जलवायु अनुकुलन तथा समानुकुलन, लैगिक संवेदनशील तथा समावेशिता जस्ता अन्तरसम्बन्धित पक्षहरुलाई समेटी जलाधार/उपजलाधार व्यवस्थापन योजना तयार गर्ने ।
- जलाधार उपजलाधार योजना तर्जुमाले निर्देशित गरेका कार्यक्रमहरुको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति न्यून भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- वस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे तथा तथ्याङ्क संकलन डिजाईन तथा लागत अनुमान तयारी ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठी तथा अन्तरक्रिया, कार्ययोजना निर्माण र कार्यान्वयन एवं प्रतिवेदन तयारी ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी दोश्रो र तेश्रो चौमासिक भित्र आगामी आर्थिक वर्षको लागि योजना निर्माण गर्ने ।

**१०.२. योजना तर्जुमा, क्षमता विकास तथा समन्वय गोष्ठीको कार्यविधी**

- कार्यक्रम सञ्चालन पूर्व योजना तर्जुमाका लागि पहिलो पटक, कार्यक्रम सञ्चालनको क्रममा आवश्यक समन्वय र सहकार्यका लागि दोश्रो पटक र कार्यक्रमको अन्तमा कार्यक्रमको समिक्षाका लागि तेश्रो पटक जिल्ला समन्वय समितिहरु संगको सहकार्यमा समन्वय गोष्ठी सञ्चालन गरिने छ ।
- आगामी आ.व.का कार्यक्रमका योजना तर्जुमाका लागि स्थानीय स्तरका कार्यशाला गोष्ठीहरु यस अन्तरगत संचालन गरिने छन्।
- जिल्ला स्तरका स्थानीय तहहरु, कार्यक्रम सञ्चालनका लागि छनौट भएका स्थानीय समुदाय, तथा अन्य सरोकारवाला निकायहरुलाई जलाधार व्यवस्थापन कार्यक्रम बारे शसक्तिकरण र अभिमुखीकरणका कार्यहरु पनि यस कार्यक्रम अन्तरगत गरिनेछ ।

जनशक्ति व्यवस्थापन तथा समय सिमा

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- आवश्यकता अनुसार आर्थिक वर्षको तोकिएको चौमासिक अवधिभित्र कार्यक्रम सम्पन्न गरिनेछ ।

**१०.३. जोखीम क्षेत्र पहिचान, प्राथमिकीकरण र नक्साङ्कन (Hot spot / Hazard zoning / Prioritization/ Mapping) कार्यविधी**

- भौगोलिक अवस्थिति, जल तथा मौसमी अवस्था, जलप्रवाह प्रणाली, भूगर्भ, भिरालोपना, भू-जैविक अवस्था तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा संभावित बाढी, पहिरो तथा भू-क्षय जस्ता प्रकोपको सम्मुखता, जोखिमको स्थिति तथा समुदायहरुको प्रतिरक्षा क्षमताका आधारमा जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ ।
- GIS tools को प्रयोग गरी Landslide Susceptibility Mapping गरिनेछ ।
- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय अभाव वा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

कार्यान्वयन प्रक्रिया

- बस्तुस्थितिको विश्लेषणः अध्ययन, अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे तथा तथ्याङ्क संकलन डिजाईन तथा लागत अनुमान तयारी ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

जनशक्ति व्यवस्थापन तथा समयसिमा

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, जनशक्ति, ज्ञान तथा सीपको दक्षता न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी तेश्रो चौमासिक भित्र कार्यक्रम सम्पन्न गर्ने ।

**१०.४ जलाधार/ उपजलाधार/ नदी प्रणालीगत रुपमा स्थानीय तहहरुको नक्साङ्कन तथा अध्ययन अनुसन्धान कार्यविधी**

- जलाधार, उपजलाधार क्षेत्रहरुमा पर्ने विभिन्न गाउँपालिका, नगरपालिका तथा वडाहरुको भौगोलिक क्षेत्र तथा उक्त जलाधार क्षेत्रको अवस्था (अति संवेदनशील, संवेदनशील र कम संवेदनशील) अनुसार उक्त पालिकाहरुमा पर्ने भू-भागहरुको नक्साङ्कन गर्ने कार्य यस कार्यक्रम अन्तर्गत गरिने छ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

जनशक्ति व्यवस्थापन तथा समय सिमा

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु गरी तेश्रो चौमासिक भित्र कार्यक्रम सम्पन्न गरिनेछ ।

१०.५. एकीकृत भू-स्खलन नियन्त्रण

प्रदेश नं.१ भौगोलिक हिसाबले हिमाल, उच्च पहाड, पहाड, चुरे र तराईमा विस्तारित रहेको र यसमा छोटो दुरीमै धेरै उचाई विविधता (५६ मिटर देखि ८,८४८ मिटर) का साथै भिरालो भू-भाग रहेको हुँदा यस क्षेत्रका कतिपय भूभागहरु भू-क्षय, बाढी, पहिरोको उच्च जोखिममा रहेका छन् । यस क्षेत्रलाई भू-स्खलनको संवेदनशिलताको दृष्टिकोणबाट राष्ट्रिय स्तरमा नै बढी संवेदनशिल मानिन्छ र यस क्षेत्रमा करीब १० घनमीटर/हे./वर्ष भू-क्षय दर रहेको अनुमान गरिएको छ । खास गरी मध्यपहाडी क्षेत्रमा रहेका महाभारत श्रृंखला तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, खहरे तथा यसको सम्मुखमा रहेका वस्ती समुदायका मानिसहरुको जिउ धनको रक्षा तथा महत्वपूर्ण विकास पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिने छ ।

संभावित कार्यक्रम तथा कृयाकलापहरु

- पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेक ड्याम, रिटेनिंग वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घाँस, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातीका विरुवा रोपण) ।
- पहिरो पूर्व सूचना प्रणाली विकास, जडान परिक्षण ।
- गल्छि नियंत्रण (भल तर्काउने कुलो, नाला, चेक ड्याम, रिटेनिंग वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाती विरुवा रोपण) ।
- क्षतिग्रस्त भूमि पुनरुत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, रिटेनिंग वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घाँस, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातिका विरुवा रोपण) ।
- **कार्यगत ईकाईः** प्रभावित क्षेत्र, सो को जलप्रवाह प्रणाली (खोला,खहरे,गल्छि) र सम्मुखमा रहेका वस्ती समुदायलाई कार्यक्रम सञ्चालनका लागि ईकाई मानी कार्य गरिने छ ।यसमा प्रभावित क्षेत्रको लागि उपयुक्त भू-उपयोगका उपायहरु देखि जैविक, संरचनात्मक, बायोईन्जिनियरिङ्ग प्रविधिहरुको प्रयोग गरि उपचार गरिनेछ। कार्यक्रम निर्माणको प्रारम्भ देखि नै प्रभावित जनसमुदायलाई सहभागी गराईनेछ ।
- **प्राथमिकीकरणः** मानवीय कृयाकलापका कारण सृजित पहिरो तथा भू-क्षय स्थल तथा प्रत्यक्ष रुपमा मानव बस्ती र मानवको जिउ धनको रक्षासंग जोडिएका पहिरो तथा भू-क्षय स्थलहरुको उपचारमा प्राथमिकता दिईने छ भने भौगर्भिक कारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहने छन र प्रत्यक्ष रुपमा मानवीय जोखीम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय,महत्वपुर्ण सडक) को क्षति हुने स्थानहरू प्राथमिकतामा रहनेछन् ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

कार्यान्वयन प्रकृया

- स्थल छनौटः सरोकारवालाहरु संग छलफल तथा परामर्श लिई प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने स्थल छनौट गरिनेछ ।
- सरोकारवालाहरुसँग अन्तरकृयाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु, उपभोक्त समूह-समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा संचालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिनेछ ।
- सर्भे डिजाईन तथा लागत अनुमानः यसमा स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भू उपयोग देखिने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू-बनौट, प्रकोपको प्रकृति (Mud flow,debirs flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुनेछन् ।
- उपभोक्ता समितिसंग कार्य सम्झौता, स्रोत, साधन, जनसहभागिता परिचालन, समूह सहजिकरण, सम्पन्न योजना समूहलाई हस्तान्तरण गरिनेछ ।
- इन्जिनियरिङ्ग संरचना निर्माण र संरक्षण वृक्षारोपण गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिने छ ।

जनशक्ति व्यवस्थापन तथा समय सिमा

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा समय, सीपको दक्षता तथा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

### १०.६. सडकसँग भू-संरक्षण

ग्रामिण क्षेत्रहरुमा तिब्रतर रुपमा सडक पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू- स्खलन गराएको कारणले जैविक विविधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गइरहेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ ।

यस कार्यक्रममा वायो-ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँवायाँ हरियाली प्रवर्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्क संरचना निर्माण, सडक आसपासका वस्ती र मानवीय जोखिमयुक्त स-साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भल पानीको निकास जस्ता कार्यहरु पर्दछन् भने यस कार्यक्रममा सडक निर्माण वा स्तरोन्नतिका उद्धेश्यले निर्माण हुने सडकको नाला निर्माण, वाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुनेछैन ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

- वस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, जनशक्ति, ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणा गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

### १०.७. शहरी क्षेत्रमा जल उपयोगको लागि जलाधार व्यवस्थापन

शहरी क्षेत्रका समुदायको आवश्यकता र सो क्षेत्रसंग जोडिएको उपल्लो तहको पानी ढलोले घेरिएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू-स्खलनमा न्यूनीकरण गर्दै जलाधार क्षेत्रबाट प्राप्तहुने पानीको मात्रालाई बढोत्तरी गर्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेकोछ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तरकृया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- थिग्रीकरण रोकथाम संरचना निर्माण ।
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास ।
- पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन ।
- वातावरणीय अध्ययन तथा नियमित अनुगमन-मूल्यांकन ।
- पानी मुहान तथा श्रोत संरक्षण ।
- वृक्षारोपण तथा पुन रोपण ।
- संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन ।
- पानीढल/बर्षाझरी तथा वहाव संकलन पोखरी ।
- गेग्रान संकलन तथा गल्छीवहाव नियन्त्रणको लागि चेक ड्याम निर्माण ।
- क्षतिग्रस्त भूमी पुनरुत्थान-खेतीवारी संरक्षण ।
- भू-उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम ।
- वातावरणीय सेवा, जलाधारिय सेवा भूक्तानी प्रणालीको विकास ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट ।
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा ल.ई. तयारी ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

> कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
> अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

> जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
> दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणा गर्ने ।

**१०.८. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन**

खानेपानी, सिंचाई जलाधार संरक्षण तथा प्राकृतिक रुपमा रहेका महत्वपूर्ण र लोपोन्मुख हुन लागेका पानीका श्रोतहरुको पहिचान र बस्तुस्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा पानी श्रोतहरुको दिगो संरक्षण तथा व्यवस्थापन गरिनेछ । यस अन्तर्गत पानी मूहान संरक्षण, संरक्षण पोखरी, कुलो मर्मत, भलपानी भण्डारण बाँध जस्ता क्रियाकलापहरु संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

> स्थल छनौट ।
> बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
> सर्भे डिजाईन तथा ल.ई. ।
> कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
> अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

> जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गदै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
> दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे, डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत दिने ।

**१०.९. सिमसार क्षेत्र पहिचान तथा व्यवस्थापन**

सिमसार नीति-२०६९ सिमसार र तालतलैया व्यवस्थापनको मुख्य मार्गदर्शन हो । यी सिमसारहरु सतहपानीको स्रोत मात्रै नभई भूमिगत जल पुनर्भरणको माध्यम समेत हुन । जैविक विविधता, संस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका यस प्रदेशमा रहेका सिमसारहरुको नक्शांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा क्रमशः जिर्णोद्धार, संरक्षण र व्यवस्थापनको कार्य यस कार्यक्रम अन्तर्गत गरिनेछ । तालतलैया तथा सिमसार क्षेत्रहरुमा उपल्लो तटीय क्षेत्रबाट बगेर आउने सम्भाव्य थिग्रिकरणको



बद्रीराज ढुंगाना
प्रदेश सचिव

असरलाई न्यूनीकरण गरी सिमसार क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेकोछ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

- भू स्खलन रोकथाम (गल्छी/पहिरो नियन्त्रण),
- छेकबाँध र तटबन्धन निर्माण,
- भल तर्काउने नाला निर्माण,
- क्षतिग्रस्त भूमि पुनरूत्थान,
- अध्ययन अनुसन्धान ।
- वृक्षारोपण ।
- सरोकारवालाहरुसँग अन्तरकृया (तालिम/गोष्ठी) ।
- संरक्षण समिति गठन तथा शसक्तिकरण ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट ।
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत गर्ने ।

### १०.१०. जलविद्युत जलाशयको जलाधार संरक्षण

नेपालमा उर्जा क्षेत्रको एक महत्वपूर्ण श्रोतको रुपमा जलविद्युतलाई मानिन्छ । यस कार्यक्रमबाट मूलभूत रुपमा जलविद्युत जलाशयको जलाधार क्षेत्रमा हुने वातावरणीय असरहरु जस्तै भू-स्खलन (गल्छी पहिरो), असंतुलित मानवीय क्रियाकलापहरु (भू-उपयोग, कृषि प्रणाली) लाई व्यवस्थित र सन्तुलित गर्दै जलविद्युतको लागि पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि ल्याउनुका साथै जलाशय क्षेत्रको थिग्रिकरण समस्यालाई न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ । यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

- जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी
- गेग्रान छेकबाँध संरचना निर्माण (Sediment Loads trap structure)
- पहिरो तथा गल्छी उपचार ।
- ग्रामिण सडक संगै भू संरक्षण तथा हरियाली प्रवर्धन ।
- मुलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

- भलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण ।
- कृषि योग्य भूमिको व्यवस्थापन ।
- कम खर्चिलो तथा वायो-इन्जिनियरीङ्ग प्रविधिको प्रवर्द्धन ।
- संरक्षणमा स्थानीय सरोकारवालाहरुको क्षमता अभिवृद्धि र समन्वयका कार्यहरु ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट ।
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्ने ।

**१०.११. पर्यापर्यटनका लागि जलाधार व्यवस्थापन**

प्रदेश सरकारवाट पर्यटनलाई विशेष प्राथमिकता दिईएको सन्दर्भमा पर्यटनमा टेवा पुग्ने गरी वातावरणीय पूर्वाधारको विकास, सेवा, सुविधा, र सुरक्षाको प्रवन्ध गर्नु आवश्यक हुन्छ। पर्यटनको विशेष सम्भावना वोकेका क्षेत्रको समुचित जलाधार व्यवस्थापनद्वारा पर्यटनको लागि आवश्यक पूर्वाधार (सडक, पदमार्ग, पानी मुहान आदि) को सुरक्षा तथा स्तरोन्नति, गुणस्तरीय सेवा (स्वच्छ खाने पानी, जलयात्राको लागि प्रदुषण रहित नदी, स्वच्छ वातावरण, सौन्दर्य प्रदायक भू-भाग आदि)को प्रवाह र पर्यटकको सुरक्षा (बाढी, पहिरो जस्ता प्रकोपबाट) को प्रवन्ध गर्न लागि यो कार्यक्रम संचालन गरिने छ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरिनेछ ।

### १०.१२. जलवायु अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village)

यस कार्यक्रम अन्तर्गत तत्कालिन जनसंख्या तथा वातावरण मन्त्रालयले तयार पारेको "जलवायु अनुकुलित गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७४" अनुसारका र जलाधार व्यवस्थापनका विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

**कार्यान्वयन प्रकृया**

- स्थल छनौट ।
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

### १०.१३. बायो-इन्जिनियरीङ्ग खोला किनारा संरक्षण

नदी किनारा स्थिरिकरण आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संबेदनशील छ । तसर्थ योजना तर्जुमा देखि कार्यन्वयन सम्ममा स्थानीय समुदायको संलग्नता अनिवार्य छ । नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ । यो कार्य संचालन गर्दा बायोइन्जिनियरिङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ । साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। बायोइन्जिनियरिङ्ग बाहेकका संरचना जस्तैः तट्बन्ध, स्पर, रिभेटमेण्ट र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी, खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिङ



बद्रीराज ढुंगाना
प्रदेश सचिव

एप्रोन, स्टड र स्परहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ । निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा अनिवार्य रूपमा हरित पेटिका निर्माण गर्नुपर्नेछ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट, आधारभूत तथ्याङ्क संकलन ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी दोश्रो र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरिनेछ ।

### १०.१४. आकस्मिक भू-संरक्षण कार्यक्रम

आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरवार नै उठिवास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिलाई कार्यालयवाट तत्काल राहत स्वरूप संरक्षण कार्यमा सहयोग उपलव्ध गराउन यो कार्यक्रम संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- पिडितको माग निवेदन संकलन ।
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारीबाट कार्य संचालन ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी कार्यक्रम संचालन गरिनेछ र अत्यावश्यक अवस्थामा अन्य निकायहरूको सहयोग लिइनेछ ।
- आकस्मिक प्रकृतिको कार्य गर्नका लागि दोश्रो चौमासिक अवधि सम्ममा तयारी अवस्थामा रहने र आवश्यकता र औचित्यका आधारमा तत्काल कार्य गरिनेछ ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

### १०.१५. विरुवा उत्पादन/ खरिद तथा वितरण

यस कार्यक्रम अन्तर्गत आवश्यक स्थानमा संरक्षणको उद्देश्य सहित बृक्षारोपण गर्नको लागि साथै स्थानीय उपभोक्ताहरुलाई आ-आफ्नो निजी जग्गामा बृक्षारोपण गर्नको लागि विरुवा वितरण समेतको लागि उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरीय विरुवा उत्पादन गरी निशुल्क वितरण गरिनेछ । विशेष परिस्थिति (भौगोलिक विकटता तथा अन्य पूर्वाधार र जनशक्ति अभाव जस्ता कारण) कारणवस नर्सरीमा विरुवा उत्पादन गर्न सम्भव नभएमा उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरिय विरुवा मौजूदा आर्थिक ऐन नियमको परिधि भित्र रही खरिद गरि निशुल्क वितरण गरिने छ साथै उत्पादन एवं खरिद गरी बितरण गरिएका बिरूवाको अभिलेख राख्ने र बिरूवा रोपण भएको क्षेत्रको अनुगमन प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ।

### १०.१६. भूमि उत्पादकत्व संरक्षण

भूमिको उत्पादन क्षमतामा ह्रास आउन नदिन तथा भू-क्षमताको आधारमा भूमिको विकास एवं सुधार गरि भूमि उत्पादकत्व संरक्षण गर्नु यस कार्यक्रमको उदेश्य रहेकोछ ।यस कार्यक्रम अन्तरगत निम्न कार्यक्रमहरु संचालन गर्न सकिने छ ।

- खेतवारी संरक्षण, कृषी वन कार्यक्रम ।
- क्षतिग्रस्त भूमी पुनरुत्थान कार्यक्रम ।
- सिमान्त, सार्वजनिक तथा नदी उकास जग्गा संरक्षण र सदुपयोग कार्यक्रम ।
- घडालेघाँस, भुईघाँस, फलफूल रोपण कार्यक्रम ।
- घाँस उत्पादन तथा चरण व्यवस्थापन ।

**कार्यान्वयन प्रक्रिया**

- प्रभावित घरधुरीको माग निवेदन संकलन ।
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी दिने ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

### १०.१७. चुरे तथा नदी प्रणाली संरक्षण

चुरे तथा तराई मधेशका वासिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पारस्थितीकीय प्रणालीमा आधारित छ। अन्य प्रदेशमा झै प्रदेश नं. १ मा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर, तराई मधेश, भित्री मधेशमा बसोवास गर्नेको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठुलो जोखिम निम्त्याइरहेको छ । यी समस्याहरुको सम्बोधन गर्नका लागि चुरे संरक्षण कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छ।

- गल्छि पहिरो भू-क्षय नियंत्रण ।
- बायोइन्जिनियरिंग खोला तथा खहरे किनारा स्थिरीकरण/व्यवस्थापन ।
- थिग्रिकरण छेकबाध संरचना निर्माण ।
- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण ।
- संरक्षण बृक्षारोपण
- नदी किनारा हरित पेटिका विकास एवं विस्तार ।
- पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग ।

**कार्यान्वयन प्रक्रिया**

- पिडितको माग निवेदन संकलन ।
- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया ।
- सर्भे डिजाईन तथा ल.ई. ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।
- अनुगमन तथा मूल्याङ्कन ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

### १०.१८. सुख्खाग्रस्त क्षेत्र व्यवस्थापन तथा पानी स्रोत संरक्षण

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानीका स्रोतहरु सुक्दै गईरहेको अवस्थालाई सम्वोधन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । सुख्खा खडेरी न्यूनीकरणका साथै पानीको मुलहरुको संरक्षण गर्न निम्न कार्यहरु गरिने छन् ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी पूनरुत्थान गर्ने, गाउघरको बाटोमा बग्ने भललाई संकलन गर्ने पोखरी बनाई वढी पानी आउदा खोला खोल्सीमा सुरक्षित निकास बनाउने, खोल्सीमा बग्ने पानी आवश्यकता अनुसार खेतबारीमा र खेतबारीको बढी पानी सुरक्षित निकास चाहिदा खोल्सी जाने गरी खेत बारीको शिरानमा कुलो पोखरीहरु बनाउने, मध्यम भिराला बारी ( १५ देखी २१ डीग्री ढलान कोण सम्मकालाई) सम्भव भए सम्म गह्राहरु सुधार गर्ने, नभए विचमा विरुवाको हेज रो बनाउने, नाङ्गो क्षेत्र, बुट्यान क्षेत्रमा उपयोगी विरुवाहरुको बृक्षारोपण गर्ने, बृक्षारोपण गर्दा अर्ध चन्द्राकार आकारमा १.५ देखि २ मी. को आँखीभै जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट विरुवा रोप्ने, संरक्षण ट्रेन्च निर्माण गरी पानी भरण गर्ने, वहुवर्षिय विरुवाहरु ३-४ फिटको हुर्केको विरुवा मात्र रोप्ने, हरित क्षेत्र कायम राख्न जमीनलाई बाक्लै घाँसपात लगाई ढाकेर राख्ने , खेती गर्दा मल्चिङ गर्ने र खेतीवारी संरक्षण गर्ने । कार्यक्रम संचालन गर्न निम्न उपायहरु अवलम्वन गरिने छ ।

- **खानेपानी योजना सञ्चालन गर्दा**

खानेपानीको योजनामा पाइप, टंकी, धारामात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समावेश गरिने छ ।

- **वन व्यवस्थापन गर्दा**

पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाती वन भएमा चौडापाते मिश्रित वनको रुपमा क्रमिक रुपमा रुपान्तरण गर्न डिभिजन वन कार्यालय संग समन्वय गर्ने, सामुदायिक वन भए कार्य योजनामा समावेश गरी योजना बनाउने तथा नगर र डिभिजन वनको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

- **सुख्खा क्षेत्रमा कृषिमा अनुकुलनका कार्य संचालन गर्दा**
  - जमीन ओशिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखित कार्यहरु गरिनेछ ।
  - खोला खोल्सीमा वर्षे भल पानी संकलन पोखरी बनाइ सिंचाइ गरिने छ ।
  - खेतवारी संरक्षण गरिने छ ।
  - सिंचाइ हुन नसक्ने पाखो बारीहरुमा सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्धन (घैया धान, जुनेलो, कागुना, सितल चिनी, सैजुन), फापर, अदुवा, बेसार, गहत आदि पहिचान गरी पाकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
  - बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफुल) लाई प्रोत्साहन गरिनेछ ।
  - सामुदायिक बिउ बैंकको स्थापना गरिने छ ।
  - पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेल्नो सिंचाई जस्ता कार्यलाई जोड दिईने छ ।
  - बोरा खेती, समुच्च रेखामा खेती (Contour Trench Farming) गरिने छ ।
  - मल्चिंग (छापो खेती)लाई वढावा दिईने छ ।
  - संरक्षण खेतीपाती गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट ।
- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन, ल.ई. तथा उपभोक्ता समितिसंग कार्य सम्झौता ।
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठि तथा अन्तरकृया, जनसहभागिता परिचालन, समूह सहजिकरण, कार्ययोजना तयारी तथा प्रतिवेदन निर्माण ।



बद्रीराज ढुंगाना
प्रदेश सचिव

- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा )

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षता तथा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम र दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई. सम्पन्न गरी दोश्रो र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत हस्तान्तरण गरिनेछ ।

## ११. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख

यस कार्यक्रम अन्तर्गत निर्मित संरचनाहरु, बृक्षारोपण क्षेत्र, नर्सरीको व्यवस्थापन लगायत अन्य आवश्यक रेखदेखको लागि जनशक्तिको व्यवस्थापन गरिने छ ।

## १२. अनुगमन तथा मूल्यांकन

यस कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन गर्नको लागि आवश्यक अनुगमन तथा मूल्यांकन सम्बन्धी भ्रमण खर्चको व्यवस्थापन गरिने छ । अनुगमन प्रतिवेदन अनिवार्यरूपमा समावेश गरी पृष्टपोषणको व्यवस्था मिलउ

## १३. बार्षिक प्रगति प्रतिवेदन (Progress Report)

यस कार्यक्रम अन्तर्गतका कार्यक्रम संचालन गर्ने सबै कार्यालय वा निकायहरुले कार्य प्रगतिको मासिक, आवधिक र वार्षिक प्रतिवेदन तथा वार्षिक संरक्षण पाश्र्वचित्र (Activity Profile) तोकिएको ढाँचामा तयार गरी अभिलेख व्यवस्थापन गर्ने र आफ्नो तालुक निकायहरुमा पठाउनु पर्नेछ ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव